सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक १९७ ♦ २०८२ साल चैत्र ९ सोमवार ♦ 23 March 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com



विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९


## चैती छठपर्वको दोस्रो दिन सोमबार 'खरना' गरी मनाइदै


खबर दर्पण समाचारदाता


**चैत्र ८ गते, बर्दिवास**

चारदिनसम्म मनाइने चैती छठपर्वको दोस्रो दिन सोमबार 'खरना' गरी मनाइदै छ। पर्वको दोश्रोदिन अर्थात पञ्चमी तिथिमा व्रतालुहरुले दिनभरी उपवास वसी संध्याकालमा 'खरना' गरी यो पर्व मनाउँदै छन् ।



तराई- मधेश-मिथिला क्षेत्रमा आइतबारदेखि विधिवत चैती छठ पर्व शुरु भएको हो । चार दिनसम्म विभिन्न विधिपूर्वक मनाइने चैती छठ पर्व मधेशको पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सुनसरी, मोरङलगायत मिथिलाञ्चलभरि नै धार्मिक विधिपूर्वक माइने गरीन्छ।

चैती छठ मधेश प्रदेशको जनकपुरधाम, जलेश्वर, मटिहानी, सुगा, गौशाला, पिपरा, सम्सी, बर्दिबासलगायत विभिन्न क्षेत्रमा रहेका विभिन्न पोखरी, तलाउ तथा नदीसहितका किनारमा धुमधामका साथ मनाइने गरिन्छ । सत्य अहिंसाप्रति मानवको रुचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्नु यस पर्वको विशेषता रहेको जनकपुरधाम उपमहानगरपालिका-४ स्थित पण्डित गणेश झाले बताए ।

पण्डित झाका अनुसार सूर्य उपासना परम्पराको मोहक पद्धति मानिएको संसारमा यही एक यस्तो पर्व हो, जसमा अस्ताउँदो र उदाउँदो सूर्यको पूजा गरिन्छ । पारिवारिक सुख, शान्ति, समृद्धि, शारीरिक कल्याण, रोगबाट मुक्ति तथा विभिन्न मनोकाङ्क्षा पूरा होस् भन्ने उद्देश्यले श्रद्धापूर्वक मनाइने चैती छठ पर्वका अवसर मा पोखरी, नदी, तलाउ र जलासयमा श्रद्धालु भक्तजनको घुइँचो लाग्ने गर्दछ ।

चार दिनसम्म मनाइने यस चैती छठको पहिलो दिन आइतबार व्रतीहरूले नहाय खाय अर्थात् स्नान गरी खाने अर्थात् जीउ चोख्याउने काम गर्नेछन् । पर्वको दोस्रो दिन सोमबार खरना मनाइने छ । खरनाका दिन व्रतीहरूले दिनभरि उपवास निराहार बसेर राति छठ देवतालाई आगमनको निम्तो दिँदै कूलदेवताको पूजा गर्नेछन् र राति अरवा अरबाईन -बिना नुन हालेको) खानेकुरा खाने


बाँकी पृष्ठ ३ मा


## काँग्रेस सभापति थापाको राजीनामा अस्वीकृत




खबर दर्पण समाचारदाता


**चैत्र ८ गते, बर्दिवास**

कांग्रेस केन्द्रीय कार्यसमितिले सभापति गगन थापाको राजीनामा अस्वीकृत गर्ने निर्णय गरेको छ । निर्वाचनमा पार्टी र आफैंले समेत हार बेहोरेपछि थापाले नैतिक जिम्मेवार लिँदै बुधबार उपसभापति विश्वप्रकाश शर्मालाई राजीनामा बुझाएका थिए ।

शर्माले प्रस्तुत गरेको राजीनामा आइतबारको बैठकले सर्वसम्मतिबाट अस्वीकृत गर्ने निर्णय लिएको हो । दुई दिनमा बोल्ने पार्टी पदाधिकारी तथा सदस्यसहित १ सय २ जनाले नै सभापति थापाको राजीनामा अस्वीकृत हुनुपर्ने मत राखेका थिए ।

थापाले राजीनामापत्रमा पार्टीभित्र सुरु भएको परिवर्तनले कार्यकर्तामा उत्साह जगाए पनि आम मतदातासम्म 'बदलिएको कांग्रेस' को सन्देश प्रभावकारी


बाँकी पृष्ठ ३ मा


## वर्षाले गहुँ, दलहन र मकैबालीमा क्षति, फलफूल तथा तरकारीबालीमा आंशिक लाभ






धर्वेन्द्रकुमार यादव 'यदुवंशी'


**चैत्र ८ गते, महोत्तरी**

बेमौसमी वर्षाले जिल्लाका किसानलाई दोहोरो असर पारेको छ ।


शुक्रबार साँझदेखि शनिबार सम्म परेको वर्षा तथा हावाहुरीका कारण पाक्न लागेको गहुँ, दलहन र मकैबालीमा व्यापक क्षति पुगेको छ भने केही फलफूल तथा तरकारीबालीमा आंशिक लाभ पुगेको किसानहरूले बताएका छन् ।

पाक्न तयार अवस्थामा रहेको गहुँबाली वर्षा र हावाहुरीले ढालिदिँदा खेतमै नष्ट भएको छ । खेतमा पानी जमेर दाना कुहिन थालेपछि उत्पादनको गुणस्तरमा समेत गिरावट आएको किसानहरूको भनाइ छ । दलहनबालीमा अत्यधिक चिस्यानका कारण बोट सड्ने र उत्पादन घट्ने समस्या देखिएको छ भने मकैबाली पनि हावाहुरीले ढालिदिँदा बालामा क्षति पुगेको छ ।

औरही नगरपालिका-२ का किसान दिनेश यादवले पाक्न लागेको गहुँ पूर्ण रूपमा ढलेर


बाँकी पृष्ठ ४ मा





# काँग्रेस सभापति थापाको राजीनामा............

रूपमा पुऱ्याउन पर्याप्त समय प्राप्त हुन नसकेको उल्लेख गरेका थिए। नैतिकताको आधारमा आफूले राजीनामा दिए पनि पार्टी सुधार र पुनर्निर्माणको यात्राबाट अलग नभएको उनले बताएका थिए। केन्द्रीय कार्यसमितिले राजीनामा अस्वीकृत गर्ने निर्णय लिएसँगै थापा पार्टी सभापतिकै भूमिकामा फर्किएका छन्।

बैठकले सभापतिको राजीनामा अस्वीकार गर्नुका सात वटा आधारसमेत टेकेको छ। निर्वाचन हार्नुमा सभापतिभन्दा पनि संरचनागत समस्या तथा नियन्त्रणबाहिरका परिस्थितिहरू रहेको जनाएको छ। वर्तमान जटिल राजनीतिक अवस्थामा सभापति थापाको नेतृत्व अझै आवश्यक भएको निष्कर्ष कांग्रेसको छ।

राजीनामा स्वीकार गर्दा पार्टीभित्र अनावश्यक अस्थिरता, अन्योल तथा कार्यकर्ताको मनोबलमा गिरावट आउने सम्भावना रहेको, विशेष महाधिवेशनपश्चात् प्रारम्भ गरिएको सुधार कार्यक्रम (कांग्रेस २.०) कार्यान्वयनको निरन्तरता आवश्यक भएको, पार्टीलाई आगामी १५ औं महाधिवेशनतर्फ केन्द्रित गर्नुपर्ने आवश्यकता भएको मुख्य आधार उल्लेख गरिएको छ। त्यसैगरी राजीनामा बाध्यकारी नभई नैतिक र स्वैच्छिक विषय भएकाले यसको सम्मान गर्दै अस्वीकार गर्नु उपयुक्त देखिएको कांग्रेसले उल्लेख गरेको छ।

कांग्रेसको अर्को बैठक चाँडै नै सभापति थापाको अध्यक्षतामा बस्ने गरी बोलाइने भएको छ। अब बस्ने बैठकले १५ औं महाधिवेशनको तयारीलाई अघि बढाउने सहमहामन्त्री प्रकाश स्नेहीले बताए। पूर्वसभापति शेरबहादुर देउवा नेतृत्वको तत्कालीन केन्द्रीय कार्यसमितिले पुसमै आगामी २७-३१ वैशाखमा नियमित महाधिवेशन गर्ने तालिका पारित गरिसकेको छ। 'सोही कार्यतालिकाभित्रै महाधिवेशन सम्पन्न गर्ने वा केही समय सारेर गर्ने भन्ने विषयमा अब बस्ने बैठकमा छलफल हुन्छ,' स्नेहीले भने। १५ औं महाधिवेशनबाट नेतृत्व चयनका अतिरिक्त विधान संशोधन, संगठनात्मक पुनःसंरचना तथा भावी रणनीति निर्धारण गरिने बैठकको निर्णयमा उल्लेख छ।

## देउवा पक्षले थाल्यो समानान्तर गतिविधि

पूर्वसभापति शेरबहादुर देउवा पक्षले तत्कालै नियमित महाधिवेशनको प्रक्रियामा सामेल नहुने भन्दै समानान्तर गतिविधि सुरु गरेको छ। अदालतले पार्टीको आधिकारिकतासम्बन्धी विवादमा फैसला नदिएसम्म वर्तमान केन्द्रीय कार्यसमितिले अघि बढाउने महाधिवेशनको प्रक्रियामा सामेल हुन नसकिने नेता कृष्णप्रसाद सिटौलाले बताए। प्रक्रियामा सामेल हुन देउवा पक्षले विशेष महाधिवेशनबाट आएको केन्द्रीय कार्यसमिति विघटन वा त्यसअघिको केन्द्रीय कार्यसमितिसँगको समायोजनको विषय उठाएको छ, जसलाई स्विकार्ने पक्षमा थापा नेतृत्वको केन्द्रीय कार्यसमिति छैन। एक पदाधिकारीका अनुसार अर्को केन्द्रीय कार्यसमितिको बैठक नबोलाइँदासम्म देउवा पक्षलाई सहमतिमा ल्याउन सभापति थापा र उपसभापति शर्माले अनौपचारिक छलफल गर्ने तय भएको छ। 'छलफलमा सभापतिले मनोनीत गर्न पाउने ३३ केन्द्रीय सदस्यमा समेटेर जाने कुरानै हो,' ती पदाधिकारीले भने।

सानेपामा आइतबार उपसभापति शर्माको अध्यक्षतामा बैठक चलिरहँदा तत्कालीन कार्यवाहक सभापति पूर्णबहादुर खड्काको निवासमा देउवा समूहको बैठक बसेको थियो। अदालतको फैसला नआउँदासम्म समानान्तर गतिविधिमा सक्रिय हुने निष्कर्ष उक्त समूहको छ। बैठकमा सहभागी नेता मीन विश्वकर्माका अनुसार निर्वाचन समीक्षा र समसामयिक विषयमा छलफल गर्न १४ औं महाधिवेशनबाट निर्वाचित पुरानो संस्थापनको बैठक बोलाउने तयारी छ। सबै पक्षसँग छलफल गरेर यथाशीघ्र बैठक बोलाउने उनले बताए।

उनले सर्वोच्चको फैसला अगाडि नै दुई पक्षबीच एकता हुने आधार कमजोर रहेकाले केही समय समानान्तर गतिविधि नै अघि बढ्न सक्ने बताए। 'पार्टी एकता कमजोर पक्षले गर्ने हो, अहिले कमजोर हुन कुनै पनि पक्ष तयार देखिएको छैन। त्यसैले अदालतको फैसला अगाडि समानान्तर गतिविधि हुने देखिन्छ,' उनले भने, 'अदालतको फैसला आइसकेपछि भने सबैले मान्नुपर्ने हुन्छ, त्यसपछि मात्रै एकताको आधार निर्माण हुने देखिन्छ।' विशेष महाधिवेशनबाट चयन भएको केन्द्रीय कार्यसमितिलाई मान्यता दिने निर्वाचन आयोगको निर्णयविरुद्ध देउवा पक्षले दायर गरेको रिटमा २२ चैतमा पेसी तोकिएको छ।

## 'हार हुनुमा चरम गुटबन्दी तथा आन्तरिक असहयोग'

उपसभापति शर्माले प्रारम्भिक निर्वाचन समीक्षा भनेर प्रस्तुत गरेको २७ बुँदे प्रतिवेदनलाई बैठकले परिमार्जनसहित पारित गरेको छ। 'निर्वाचन परिणामलाई लिएर जिल्ला र निर्वाचन क्षेत्रबाट पनि प्रतिवेदन पठाउन भनिएको छ। प्रारम्भिक समीक्षा र जिल्लाबाट आएको प्रतिवेदनलाई एकीकृत गरी पुनः समीक्षा गरिनेछ,' प्रवक्ता देवराज चालिसेले बताए।

निर्वाचनमा हार हुनुमा चरम गुटबन्दी तथा आन्तरिक असहयोग, गठबन्धन सरकारको कार्यसम्पादनमा जनअपेक्षा विपरीत हुनु, विगतका शासन व्यवस्थाका संरचनागत कमजोरीहरू (३५ वर्षमा ३२ सरकार परिवर्तनसमेत) का कारण जनआक्रोश बढ्नु, जेन-जी युवा आन्दोलनले पुराना राजनीतिक शक्तिहरूप्रति असन्तोष अभिव्यक्त गर्नु, डिजिटल युगमा अल्गोरिदमका प्रभावका कारण नयाँ शक्तिहरूलाई प्रतिक्रियात्मक लाभ पुग्नु मुख्य कारण रहेको औंल्याएको छ।

देउवा पक्षले निर्वाचन हारमा आफ्नो भन्दा विगतका सरकार र नेतृत्वलाई मात्रै दोष दिएको भन्दै असन्तुष्टि प्रकट गरेको छ। देउवापक्षीय नेताहरूले निर्वाचनको मुखमा विशेष महाधिवेशनका नाममा पार्टीभित्र सिर्जना गरिएको चरम विवाद नै प्रमुख कारण रहेको बताउने गरेको छ। तर, केन्द्रीय कार्यसमितिले विशेष महाधिवेशनपछिका ५० दिनभित्र सबै चुनौतीहरू सामना गरेर जान नसकिएको बताएको छ। 'यी सबै कारणहरू व्यक्तिगत नभई संरचनागत, प्रणालीगत तथा परिस्थितिजन्य रहेको बैठकले ठहर गरेको छ,' निर्णयमा भनिएको छ।

विगत ३५ वर्षमा ३२ सरकार परिवर्तनलाई समेत कारण भनेर प्रतिवेदनमा लेखिएको वाक्यांशप्रति नेता मीनेन्द्र रिजालले आपत्ति जनाएका छन्। 'यो निष्कर्ष निकालिएको हो भने के हाम्रा नेताले प्रजातन्त्र पुनःस्थापना गरेर गलत गरेका हुन् त?' उनले भनेका छन्। देउवा पक्षले पनि निर्वाचनमा पार्टीले बेहोर्नुपर्नाको हारका कारणमाथि औपचारिक रूपमा छलफल गर्ने भन्दै बैठक बोलाउने तयारी गरेको छ। देउवा पक्षको आइतबारको बैठकमा नेताहरू शेखर कोइराला, बिमलेन्द्र निधि, प्रकाशशरण महत, बालकृष्ण खाण, ज्ञानेन्द्रबहादुर कार्की, धनराज गुरुङ, शशांक कोइराला, जीवन परियार, बद्री पाण्डे, दीपक गिरी, रमेश लेखकसहितको उपस्थिति थियो। बैठकमा उपस्थितमध्ये शेखर कोइराला, बिमलेन्द्र निधि, प्रकाशशरण महत, ज्ञानेन्द्रबहादुर कार्की, दीपक गिरीले सभापति थापाको हस्ताक्षरबाट टिकट लिएर चुनाव लडेका थिए।

कांग्रेस पूर्वसभापति देउवा र पत्नी आरजु राणा पनि सिंगापुरबाट चाँडै फर्कने तयारीमा छन्। देउवाको सचिवालयको विज्ञप्तिअनुसार देउवा दम्पती अहिले सिंगापुरबाट हङकङ गएका छन्। हङकङमा थप स्वास्थ्य उपचार गरेपछि नेपाल फर्कने कार्यक्रम रहेको जनाइएको छ। देउवा दम्पती भोटसमेत नहाली विदेश गएका थिए। देउवा १३ फागुनमा सिंगापुर गएका थिए। त्यसअघि १० फागुनमा आरजु भारत गएकी थिइन्। भारतबाट उनी सिधै सिंगापुर गएकी हुन्।

## जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग

कांग्रेस बैठकले २३ र २४ भदौको घटनाबारे न्यायिक जाँचबुझ गर्न गठित गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग गरेको छ। त्यस्तै पश्चिम एसियाको युद्धग्रस्त क्षेत्रमा लाखौं नेपाली असुरक्षित भएको भन्दै कांग्रेसले उनीहरूको आवश्यक सुरक्षा व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराएको छ। यस्तै इरानी सेनाद्वारा नियन्त्रणमा लिइएका नेपाली नागरिक अमृत झालाई सकुशल मुक्त गरी स्वदेश फर्काउन पहलका लागि कांग्रेसले माग गरेको छ।


मादक पदार्थ नखाएर यात्रा गर्नुहोस्।
"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"
सवारी साधनमा सीट बेल्ट लगाउनुहोस्।
"सुरक्षितमा सवारी चलाउनुहोस् - सीट बेल्ट लगाउनु होला, दुर्घटनामा ज्यान जोगाउन!"
रामगोपालपुर नगरपालिका, महोत्तरी


## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९

विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# उखु अभावले एभरेष्ट चिनी...

शुक्लाका अनुसार उखुको पर्याप्त आपूर्ति नहुँदा क्रसिङ प्रक्रिया पटक-पटक अवरुद्ध भएको थियो । 'उखु अभावकै कारण उद्योग सञ्चालनमा निरन्तरता दिन कठिन भयो । यसले समग्र उत्पादनमा असर पार्‍यो,' उनले भने ।

उद्योगले पुस ७ गतेदेखि सुरु गरेको क्रसिङ प्रक्रिया ८९ दिन सञ्चालनमा रहेको थियो ।

महोत्तरीमा पछिल्लो दशकमा उखुखेतीमा उल्लेख्य गिरावट आएको छ । एक दशकअघि १५ हजार बिघाभन्दा बढी क्षेत्रमा हुने उखुखेती चार वर्षअघि घटेर ५-६ हजार बिघामा सीमित भएको थियो । पछिल्ला वर्षहरूमा उद्योगले भुक्तानी प्रणाली केही सहज बनाएपछि खेती क्षेत्र बढ्दै हाल करिब ९ हजार बिघामा पुगेको छ ।

उखु उत्पादक कृषक सङ्घ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहाका अनुसार भुक्तानी प्रणाली सुधारिए पनि मूल्य निर्धारण र सरकारी अनुदानको विषयमा किसान अझै असन्तुष्ट छन् । 'किसानलाई लागतअनुसार मूल्य नपाउँदा उखुखेतीप्रति आकर्षण बढ्न सकेको छैन,' उनले भने ।

किसानहरूले प्रतिक्विन्टल ७५० रुपैयाँ मूल्य माग गर्दै आए पनि सरकारले ६२० रुपैयाँ मूल्य र ७० रुपैयाँ अनुदान गरी कुल ६९० रुपैयाँ निर्धारण गरेको छ । बढ्दो उत्पादन लागत र महँगीको तुलनामा यो मूल्य न्यून भएको किसानहरूको गुनासो छ । कुशवाहाका अनुसार सरकारले किसानसँग पर्याप्त परामर्श नगरी एकपक्षीय रूपमा मूल्य निर्धारण गर्ने प्रवृत्तिले पनि समस्या झन् जटिल बनाएको छ । 'बाली तयार भएपछि मात्र मूल्य तोकिने हुँदा किसान कमजोर अवस्थामा पुग्छन्,' उनले भने ।

उद्योगले उखुको भुक्तानी तौल भएको दुई साताभित्रै दिने व्यवस्था कायम गरेको जनाएको छ । फागुन २६ गतेसम्म तौल भएका २६ लाख ३२ हजार क्विन्टल उखुको करिब १ अर्ब ६२ करोड रुपैयाँ १ हजार १७४ किसानको बैंक खातामा भुक्तानी भइसकेको उद्योगले जानकारी दिएको छ ।

यद्यपि, उखुखेती विस्तारका लागि मूल्य, अनुदान र नीतिगत स्थायित्व आवश्यक रहेको सरोकारवालाहरूको भनाइ छ । अन्यथा कच्चा पदार्थको अभावले उद्योग सञ्चालनमै चुनौती थपिने र किसानको आम्दानीमा समेत प्रत्यक्ष असर पर्ने देखिएको छ ।

# जनकपुरको फुटपाथ खाली गराइँदै

**खबर दर्पण समाचारदाता**
**चैत्र ८ गते, बर्दिवास**



जनकपुरधामका व्यस्त सडक किनारमा वर्षौंदेखि कब्जामा रहेको फुटपाथ अतिक्रमण हटाउने अभियानलाई आइतवार थप कडाइका साथ अघि बढाइएको छ ।

मधेश प्रदेशका गृहमन्त्री फकिरा महतोको अगुवाइमा रामानन्द चौकदेखि जानकी मन्दिर क्षेत्रसम्म व्यापक रूपमा फुटपाथ खाली गराइएको हो । मन्त्री महतो स्वयं सडकमा उत्रिएर सुरक्षा निकाय, स्थानीय प्रशासन तथा सरोकारवाला निकायसँगै माइकिङ गर्दै व्यवसायीहरूलाई तत्काल फुटपाथ खाली गर्न निर्देशन दिए ।

अभियानका क्रममा प्रहरी प्रशासन, जनकपुरधाम उद्योग वाणिज्य संघ तथा स्थानीय तहका प्रतिनिधिहरूको सहभागिता देखिएको थियो ।

'फुटपाथ पैदल यात्रुका लागि बनाइएको हो, यसलाई अतिक्रमण गरेर व्यापार गर्नु कानुनविपरीत हो,' मन्त्री महतोले भने, 'नियम नमानेर पुनः अतिक्रमण गर्नेहरूलाई अब कारबाही गरिनेछ ।'

उनले राजधानी शहरलाई व्यवस्थित र सुरक्षित बनाउन यस्तो कदम अपरिहार्य भएको स्पष्ट पारे ।

रामानन्द चौकदेखि जानकी मन्दिरसम्मको क्षेत्र जनकपुरधामको सबैभन्दा व्यस्त तथा धार्मिक दृष्टिले महत्वपूर्ण मानिन्छ । जानकी मन्दिर आसपास दैनिक ठूलो संख्यामा श्रद्धालु तथा पर्यटकको आवागमन हुने भएकाले फुटपाथ अतिक्रमणले पैदल यात्रुहरूलाई गम्भीर समस्या निम्त्याउँदै आएको थियो ।

अभियान अन्तर्गत टोलीले सडक किनारमा अस्थायी रूपमा सञ्चालन भइरहेका पसल, ठेला तथा संरचनाहरू हटाउँदै फुटपाथ खाली गराएको छ । साथै, माइकिङमार्फत आगामी दिनमा पनि अतिक्रमण नगर्न चेतावनी दिइएको छ ।

मन्त्री महतोले फुटपाथ व्यवसायीहरूलाई वैकल्पिक स्थानको रूपमा रंगभूमी मैदानमा सर्न आग्रह गर्दै त्यहाँ व्यवस्थित रूपमा व्यापार सञ्चालन गर्न सकिने बताए । 'हामी कसैको रोजगारी खोस्न खोजिरहेका छैनौं । तर, शहर व्यवस्थापन पनि उत्तिकै आवश्यक छ,' उनले भने ।

स्थानीय प्रशासनका अनुसार फुटपाथ अतिक्रमणका कारण ट्राफिक व्यवस्थापनमा अवरोध सिर्जना हुनुका साथै दुर्घटनाको जोखिम समेत बढ्दै गएको थियो । साथै, शहरको सौन्दर्यमा समेत नकारात्मक असर परिरहेको भन्दै अभियानलाई दीर्घकालीन रूपमा निरन्तरता दिने तयारी गरिएको छ ।

मन्त्री महतोले व्यवसायीहरूको गुनासो सुन्दै सबै पक्षसँग छलफल गरी दीर्घकालीन समाधान निकाल्ने प्रतिबद्धता जनाए । 'व्यवसायी, स्थानीयवासी र प्रशासनबीच सहकार्य गरेर व्यवस्थित जनकपुरधाम निर्माण गरिन्छ,' उनले भने ।

सरोकारवालाहरूले यस अभियानलाई शहर व्यवस्थापनतर्फको महत्वपूर्ण कदमका रूपमा लिँदै यसको निरन्तरतामा जोड दिएका छन् ।

सार्वजनिक सेवा लिँदा ध्यान दिऔं।

➢आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
➢आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
➢नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
➢आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
➢सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
➢सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
➢जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
➢सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
➢अनियमितता र भ्रष्टाचारविरूद्ध उजुरी गरौं,

सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।

लक्ष्मीनिया गाउँपालिका, धनुषा

सामाजिक सुरक्षा परिचयपत्र
नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना




सामाजिक सुरक्षा भत्ता भनेको नेपाल सरकारले लक्षित समूहलाई नियमित रूपमा प्रदान गर्ने आर्थिक सहयोग हो, जसले आधारभूत जीवनयापनमा सहयोग पुऱ्याउँछ। सामाजिक सुरक्षा भत्ता नवीकरणका लागि सम्बन्धित वडा कार्यालयमा साउन १ देखि भदौ मसान्तभित्र परिचयपत्र सहित उपस्थित भई तोकिएको समय मै नाम नवीकरण गर्न सूचित गरिन्छ।

गौशाला नगरपालिका, महोत्तरी

सामाजिक सुरक्षा भत्ता नविकरण समय मै गरौं ।

सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरूले हरेक आर्थिक वर्षको साउन मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा गई परिचयपत्र नविकरण अनिवार्य गर्नुपर्नेछ। नविकरणका लागि नागरिकता, पुरानो परिचयपत्र र बैंक पासबुकको प्रतिलिपि आवश्यक पर्दछ। समयमै नविकरण नगरेमा भत्ता रोक्का हुन सक्नेछ। ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति र दलित बालबालिकाले भत्ता नरोकिने सुनिश्चित गर्न आवश्यक कागजात (नागरिकता, फोटो) सहित अनिवार्य रूपमा प्रक्रिया पूरा गर्नुपर्नेछ।

सामाजिक सुरक्षा भत्ता नविकरणका आवश्यक कागजातहरू:

आवश्यक कागजातहरू : सक्कल नागरिकता, सामाजिक सुरक्षा भत्ता परिचयपत्र, र बैंक पासबुक ।
आफू बसेको स्थान मै नविकरण गर्न असक्षम भएमा वडा कार्यालयमा खबर गरी घर मै वा प्रतिनिधि मार्फत नविकरणको व्यवस्था मिलाउन सकिनेछ।
ध्यान दिनुहोस् : मृत्यु भइसकेका वा अन्य कारणले भत्ता नपाउनुपर्ने व्यक्तिको हकमा पनि जानकारी गराई लगत कट्टा गराउनुहुन सूचित गरिन्छ।

औरही नगरपालिका, महोत्तरी

जनकपुरधाम उपमहानगरपालिका

सामाजिक सुरक्षा परिचयपत्र
नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना




सामाजिक सुरक्षा भत्ताको लागि तोकिएको समय मै नाम नवीकरण गरौं ।

सामाजिक सुरक्षा भत्ता भनेको नेपाल सरकारले लक्षित समूहलाई नियमित रूपमा प्रदान गर्ने आर्थिक सहयोग हो, जसले आधारभूत जीवनयापनमा सहयोग पुऱ्याउँछ। सामाजिक सुरक्षा भत्ता नवीकरणका लागि सम्बन्धित वडा कार्यालयमा साउन १ देखि भदौ मसान्तभित्र परिचयपत्र सहित उपस्थित भई तोकिएको समय मै नाम नवीकरण गर्न सूचित गरिन्छ।

सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धी जानकारी
* नवीकरण अवधि: हरेक वर्षको साउन १ देखि भाद्र मसान्तसम्म।
* स्थान: सम्बन्धित वडा कार्यालय।

आवश्यक कागजातहरू:
* पुरानो सामाजिक सुरक्षा परिचयपत्र।
* नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
* हालै खिचिएको पासपोर्ट साइजको फोटो (आवश्यकता अनुसार)।

सामाजिक सुरक्षा भत्ताका मुख्य प्रकारहरू:
* जेष्ठ नागरिक भत्ता * एकल महिला/विधवा भत्ता * अपाङ्गता भएका व्यक्तिको भत्ता (पूर्ण/अति अशक्त)
* दलित बालबालिका भत्ता * लोपोन्मुख जाति भत्ता

सामान्य उद्देश्य:
* गरिबी न्यूनीकरण * सामाजिक संरक्षण * सम्मानजनक जीवनयापनमा सहयोग

जनकपुरधाम उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा, मधेश प्रदेश

# उखु अभावले एभरेष्ट चिनी उद्योगको लक्ष्य अधुरो




**खबर दर्पण समाचारदाता**

**चैत्र ८ गते, बर्दिवास**

चालु आर्थिक वर्ष २०८२/८३ को क्रसिङ याममा उखु अभावका कारण महोत्तरीको गौशाला नगरपालिका-१ रामनगरस्थित एभरेष्ट चिनी उद्योगले आफ्नो निर्धारित लक्ष्य हासिल गर्न सकेको छैन।

उद्योगले यस याममा ३१ लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य राखे पनि जम्मा २८ लाख ५३ हजार १७८ क्विन्टलमै सीमित हुन पुगेको जनाएको छ। यो लक्ष्यभन्दा करिब २ लाख ४७ हजार क्विन्टल कम हो।

उद्योगका महाप्रबन्धक सुरेन्द्र

*बाँकी पृष्ठ ३ मा*

# वर्षाले गहुँ, दलहन र......

नोक्सान भएको, दलहन सड्न थालेको र मकैबाली पनि हावाले ढालिदिएको बताए। त्यसैगरी गौशाला नगरपालिका-४, रजखोरका किसान लक्ष्मण मण्डलले हावाहुरी र वर्षाले गहुँ तथा मकैबालीमा ठूलो क्षति पुऱ्याएको उल्लेख गर्दै खेतमा पानी जम्दा दलहनबालीसमेत बिग्रँदै गएको बताए। यस वर्ष अपेक्षित उत्पादन हुने सम्भावना न्यून भएको उनको भनाइ छ।

यद्यपि, यही वर्षाले केही बालीमा सकारात्मक प्रभाव पनि पारेको छ। आँपको मञ्जरमा लागेको मधुवा किरा वर्षाले पखालिदिँदा मञ्जर सुरक्षित भई फल लाग्ने सम्भावना बढेको किसानहरूले जनाएका छन्। तरकारी तथा उखुबालीमा पनि चिस्यान वृद्धि भएकाले बृद्धि प्रक्रियामा सहयोग पुगेको बताइएको छ।

कृषि विज्ञहरूका अनुसार बेमौसमी वर्षाले अन्नबालीमा तत्काल क्षति पुऱ्याए पनि केही बालीमा सीमित लाभ देखिन्छ। उनीहरूले खेतमा पानी जम्न नदिने, रोग तथा कीरा नियन्त्रण गर्ने र समयमै बाली व्यवस्थापनमा ध्यान दिन किसानलाई सुझाव दिएका छन्।

# राणा शासनविरुद्ध जनकपुरको योगदानः ओझेलमा परेका क्रान्तिकारीहरूको खोज

नित्यानन्द मण्डल



राणा शासनविरुद्ध देशव्यापी रूपमा सञ्चालन भएको प्रजातान्त्रिक आन्दोलनमा जनकपुरको भूमिका महत्वपूर्ण रहे पनि यहाँका धेरै क्रान्तिकारी व्यक्तित्व इतिहासको मूलधारबाट ओझेलमा परेका छन्।

पत्रकार तथा साहित्यकार नित्यानन्द मण्डलले गरेको एक खोजले जनकपुरका यस्ता दर्जनौँ व्यक्तिहरूको योगदानलाई उजागर गरेको छ।

मण्डलले सार्वजनिक गरेको विवरणअनुसार राणा शासनको अन्त्यका लागि जनकपुरबाट विभिन्न वर्ग, समुदाय र पेशामा आबद्ध व्यक्तिहरूले आन्दोलनमा सहभागिता जनाएका थिए।

यस क्रममा महेन्द्र नारायण निधि जस्ता राष्ट्रिय स्तरका नेतासँगै स्थानीय तहका अगुवा कार्यकर्ताहरूको योगदान पनि उत्तिकै महत्वपूर्ण रहेको देखिन्छ।

उनको खोजमा रुद्र प्रसाद गिरी, निर्गुण यादव, वोध प्रसाद उपाध्याय, बनारसी महतो, सरोज कोइराला, दिगम्बर झा, शिवजी साह, कमाल हुसेन, जमुना बहादुर कार्की, गोपाल बहादुर कार्की लगायतका थुप्रै नाम समावेश छन्।

मण्डलले भने, 'राणा शासनविरुद्धको आन्दोलन काठमाडौँ वा ठूला शहरहरूमा मात्र सीमित थिएन। जनकपुरका किसान, मजदुर, विद्यार्थी र बुद्धिजीवीहरू सबैले आन्दोलनलाई बलियो बनाएका थिए।'

उनको सूचीमा रामानन्द ठाकुर, रामधनी कापडी, लक्ष्मण साह, रामनारायण प्रसाद मण्डल, हरि नन्दन चौधरी, मस्तान अली हसन, गंगेश्वर झा, युगेश्वर शर्मा, दशरथ मेहतर, महावीर प्रसाद शर्मा, राम सेवक तिवारी लगायतका व्यक्तिहरूको नाम पनि उल्लेख गरिएको छ।

त्यसैगरी, योग कुमार माथेमा, शम्भुराम माथेमा, रामकृष्ण मण्डल, भैरव प्रसाद उपाध्याय, पुष्प लाल गिरी, प्रमोद कोइराला, सुरेन्द्र बहादुर बस्नेत, गोपाल बहादुर श्रेष्ठ, उदयराज शास्त्री, केशवराज केशरी लगायतका नामहरू पनि समेटिएका छन्।

मण्डल भन्छन्, 'इतिहास लेखनमा केन्द्रीय दृष्टिकोण हाबी हुँदा स्थानीय स्तरका योगदानहरू ओझेलमा पर्छन्। यी नामहरू सूची मात्र होइनन्, यिनीहरू त्याग, साहस र संघर्षका प्रतीक हुन्।'

इतिहासविद्हरूका अनुसार राणा शासन (१८४६-१९५१) को अन्त्यमा यस्ता क्षेत्रीय स्तरका अज्ञात तथा अल्पपरिचित व्यक्तिहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहेको थियो।

जनकपुरको यस योगदानलाई पाठ्यक्रम र सार्वजनिक बहसमा समेट्नुपर्ने आवश्यकता पनि औंल्याइएको छ।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,